"स्वास्थ्य,पूर्वाधार ,लघुउद्यम र कृषिमा क्रान्ति:समृद्ध र सुशासनयुक्त बुद्धशान्ति"

# बुद्धशान्ति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा

कोशी प्रदेश, नेपाल ।

# सार्वजनिक सुनुवाई कार्यक्रम

## सम्पन्न प्रतिबेदन

प्रतिवेदन तयारी/प्रस्तुती : केशव राज भण्डारी, ९८५१३४४४०६

सहजकर्ता : उमाकान्त खनाल, ९८५११७१०३६




मिति : २०८१ जेठ १४ गते सोमबार

स्थान : बुद्धशान्ति गाउँपालिका

बुद्धआदर्श मा.वि.को सभाहल, बुधबारे, झापा ।

समय : बिहान ११ बजे देखी ४:३० बजे सम्म ।

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बुद्धशान्ति गाउँपालिका
गाउँपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

**कार्यक्रमको परिचय**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरूको बारेमा सूचना माग्न पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ ले गरेको छ । सुशासन सञ्चालन तथा व्यवस्थापक कार्यविधि सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सञ्चालन गरेका हरेक गतिविधिहरूको बारेमा नागरिकहरुलाई सुसुचित गराउन सार्वजनिक सुनवाई गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा पनि सार्वजनिक सुनवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ, भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनवाई सम्बन्धी कार्यविधि २०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणका कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरूको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवा प्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरूको बारेमा हाक्काहाक्की प्रश्न उत्तर गराउने उद्देश्यले बुद्धशान्ति गाउँपालिकामा सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरिएको थियो । कोशी प्रदेश झापा जिल्लाको बुद्धशान्ति गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को चौमासिक सार्वजनिक सुनवाई कार्यक्रम २०८१ जेष्ट १४ गते गाउँपालिकाको सभाहलमा सञ्चालन गरिएको थियो ।

**कार्यक्रमको उद्देश्य**

बुद्धशान्ति गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को तेश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा जनताको चासो जिज्ञासा गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु र कार्यक्रमका थप उद्देश्य निम्न अनुसार रहेका छन् ।

**निम्न :**

१, कार्यालयबाट सञ्चालित विकास कार्यक्रम उपलब्ध सेवा वस्तु र सुविधाबारे सार्वजनिक गर्नु ।
२, गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी छलफल गर्ने प्रश्न उत्तर गराउने ।
३, सेवा प्रदायक र नागरिक बीच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।
४, सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
५,स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेही बनाउने ।
६, सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरूको सहभागिता वृद्धि गर्ने ।

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधवारे, झापा
कोशी प्रदेश, नेपाल

## कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्ने संस्था :** खवर मञ्च मिडिया प्रा.लि.
**कार्यक्रम सञ्चालक :** उमाकान्त खनाल
**नागरिक प्रतिवेदन र बहिरगमन अभिमत तयारी :** केशव राज भण्डारी, ९८५१३४४४०६
**सार्वजनिक सुनवाईको विषय** : आर्थिक वर्ष २०८/०८१ को चौमासिक सार्वजनिक सुनवाई
**आयोजक :** बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधवारे झापा ।

## कार्यक्रम विवरण

**मिति :** २०८१ वैसाख १४ गते सोमबार ।

**स्थान :** बुद्धशान्ति गाउँपालिकाको बुद्धआदर्श मा.वि.को सभाहल, बुधवारे झापा ।

**समय :** विहान ११ बजे देखी ।

## जवाफदेही वक्ताहरु

**बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष :** मनोज प्रसाई
**बुद्धशान्ति गाउँपालिकाका उपाध्यक्ष** : भवानी प्रसाद खतिवडा
बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत : विनोद पोखेल
बुद्धशान्ति गाउँपालिका वडा नम्वर १ का वडा अध्यक्ष श्री : अनिल वाग्ले
बुद्धशान्ति गाउँपालिका वडा नम्वर २ का वडा अध्यक्ष श्री : डिल्लि प्रसाद ओली
बुद्धशान्ति गाउँपालिका वडा नम्वर ३ का वडा अध्यक्ष श्री : पर्शुराम चेम्जोङ
बुद्धशान्ति गाउँपालिका वडा नम्वर ४ का वडा अध्यक्ष श्री : सेर वहादुर राय
बुद्धशान्ति गाउँपालिका वडा नम्वर ५ का वडा अध्यक्ष श्री : डेगेन्द्र कार्की
बुद्धशान्ति गाउँपालिका वडा नम्वर ६ का वडा अध्यक्ष श्री : शिवराज पौडेल
बुद्धशान्ति गाउँपालिका वडा नम्वर ७ का वडा अध्यक्ष श्री : चन्द्र प्रसाद भण्डारी

## कार्यपालिका सदस्यहरु

गाउँ कार्यपालिका सदस्य श्री : तुलसा देवी खतिवडा
श्री : सन्जु पौडेल
श्री : नर्मदा चापागाई
श्री : दुर्गादेवी पोखरेल
श्री : भीम वहादुर विश्वकर्मा
श्री : दिनेश लेप्चा

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## शाखा प्रमुखहरू

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री : कमल प्रसाद निरौला ।
अस्पताल मे.सु. श्री : डा. सुमेश चौधरी ।
आर्थिक प्रशासन शाखा प्रमुख : अनिल घिमिरे ।
आयुर्वेद शाखा प्रमुख श्री : पुरण लहेरी ।
आन्तरिक लेखा परीक्षण शाखा प्रमुख श्री : बालकृष्ण नेपाल ।
योजना तथा अनुगमन शाखा सूचना अधिकारी श्री : मदनकुमार कँडेल ।
प्रशासन शाखा प्रमुख श्री : देवेन्द्र कटुवाल ।
राजस्व शाखा प्रमुख श्री : शशी पनेरु ।
जिन्सि शाखा प्रमुख : भिष्म सिटौला ।
विपद व्यवस्थापन शाखा प्रमुख श्री : शिव श्रेष्ठ ।
स्वास्थ्य शाखा प्रमुख श्री : धीरेन्द्र कुमार यादव ।
पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख श्री : कैलाश प्रसाद सिंह ।
रोजगार शाखा प्रमुख श्री : दिपादेवी उपाध्याय ।
सूचना प्रविधि अधिकृत श्री : तोषराज ठाकुर ।
पूर्वाधार शाखा प्रमुख श्री : विक्रम दाहाल ।
कानुन न्याय तथा मानव अधिकार शाखा प्रमुख श्री : निर्मला आचार्य ।
वन तथा वातावरण शाखा प्रमुख श्री : निरज घिमिरे ।
कृषि शाखा प्रमुख श्री : अर्जुन कुमार पौडेल ।
महिला तथा बालबालिका शाखा प्रमुख श्री : मिना विष्ट ।
सामाजिक सुरक्षा शाखा प्रमुख श्री : मेनुका ढकाल ।
अपाङ्गता शाखा प्रमुख श्री : जयप्रकाश खाती ।

## सार्वजनिक सुनवाई कार्यक्रमको उपस्थिति विवरण

| दलित, पिछडा वर्ग | | ब्राम्हण, क्षेत्री, ठकुरी | | आदिवासी, जनजाती | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| २ | ४ | २३ | ५३ | १ | २१ | २६ | ८० | १०६ |

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

## सञ्चालन प्रक्रिया

### (क) समन्वयात्मक बैठक :

बुद्धशान्ति गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को चौमासिक सार्वजनिक सुनवाई कार्यक्रम आयोजना गर्ने सम्बन्धमा बुद्धशान्ति गाउँपालिका अध्यक्ष श्री मनोज प्रसाई उपाध्यक्ष श्री भवानी प्रसाद खतिवडा प्रमुख प्रशासकीय अधिकृत श्री विनोद पोखरेल गाउँपालिका प्रमुखका सल्लाहकार श्री गोकुल पौडेल, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री कमल प्रसाद निरौला, आर्थिक प्रशासन शाखा प्रमुख श्री अनिल घिमिरे एवं सूचना अधिकृत श्री मदनकुमार कँडेल, योजना तथा अनुगमन शाखा प्रमुख श्री मदनकुमार कँडेल र सेवाप्रदायक संस्था खवर मञ्च मिडिया प्रा.लि.का तर्फ वाट श्री उमाकान्त खनाल र सूर्योदय टेलिभिजन वाट **केशव राज भण्डारी**ले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात सार्वजनिक सुनवाई कार्यक्रम गर्ने सहमति भएको थियो । २०८१ जेष्ट १४ गते बुद्धशान्ति गाउँपालिकाको सभाहलमा कार्यक्रम सञ्चालन गर्ने मिति तय भएपछि कार्यक्रमको आवश्यक तयारी गरिएको थियो ।

### (ख) सहजकर्ता छनौट र समन्वय

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय गाउँपालिकाले गरेको थियो । खवरमञ्च मिडिया प्रा.लि. वाट गरिएको प्रस्तावना स्वीकृत भएपछि सहजकर्ताको रुपमा पत्रकार उकाकान्त खनालले अधिकार प्राप्त गर्नुभएको थियो । कार्यक्रम सञ्चालनको सन्दर्भमा सहजकर्ताले गाउँपालिका प्रमुख उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका प्रमुखहरूसँग, नियमित समन्वय गर्नुभएको थियो ।

### (ग) ऐन नियम निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय तहले जनतालाई प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु के के हुन् ? कस्ता खालका छन् ? वस्तु तथा सेवा सुविधाहरु कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्नका लागि कस्ता कस्ता खालका ऐन नियम तथा कार्यविधिहरु लागु भएका छन् ? यिनीहरूको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नुपर्ने अवस्था छ ? भन्ने कुराको गहन अध्ययन स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् ? सोको तुलना गरी छलफल गर्नका लागि स्थानीय स्वयत्त शासन ऐन २०५५ स्थानीय स्वेत शासन नियमावली २०५६ सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ सुशासन नियमावली २०६५ स्थानीय निकाय सार्वजनिक सुनवाई सम्वन्धी कार्यविधि २०६७ सूचनाको हक सम्वन्धी ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ जस्ता विभिन्न ऐन नियम निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

**(घ) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सङ्कलन तथा प्रतिवेदन तयारी**

सार्वजनिक सुनवाई सञ्चालनको क्रममा नागरिकहरूबाट अभिमत लिन नागरिक प्रतिवेदन र वहिर्गमन अभिमत पत्र अनिवार्य सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय निकाय सार्वजनिक सुनवाई कार्यविधि २०६७ को अनुसूची २ र ३ को ढाँचा अनुसार क्रम नागरिक प्रतिवेदन र नागरिक अभिमत सूर्योदय टेलिभिजनका बरिष्ठ कार्यक्रम अधिकृत **केशव राज भण्डारी** स्वयमले संकलन गरी प्रतिवेदन तयार गरेको हो ।

**(ङ) सार्वजनिक सुनवाईको प्रचार प्रसार**

बुद्धशान्ति गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८०/०८१ को चौमासिक सार्वजनिक सुनवाई कार्यक्रमलाई प्रभावकारी बनाउँदै नागरिकहरूको सहभागिता अभिवृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले कार्यक्रम सम्बन्धमा स्थानीय पत्र पत्रिका इजलास दैनिक, प्रतिदिन दैनिक वाट सूचना प्रकाशन गरिनुको साथै आवाज रेकर्ड गरि अटो रिक्सा बाट शब्द सन्देश मार्फत ७ वटै वडाहरुमा सूचना प्रवाह गरिएको थियो । गाउँपालिकाका जनप्रतिनिधिहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार लगायतको उपस्थिति सुनिश्चिततताको लागि विभिन्न माध्यमबाट खबर गर्ने कार्य गरिएको थियो । कार्यक्रम सूर्योदय टेलिभिजनको  तर्फ वाट छायाङ्कन गरि टेलिभिजन मार्फत र फेसवुक मार्फत प्रसारण गरिएको थियो । साथै स्थानीय सूर्योदय टेलिभिजन र पत्रपत्रिकाहरुबाट सार्वजनिक सुनवाईको समाचार प्रकाशन प्रसारण गरिएको थियो ।

**कार्यान्वयन चरण**

बुद्धशान्ति गाउंपालिकाको आयोजनामा भएको सार्वजनिक सुनवाई कार्यक्रम सहभागीहरूको सहभागिता सँगै कार्यक्रम निर्धारित समयमा सुरु गरिएको थियो । बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री मनोज प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष श्री भवानी प्रसाद खतिवडा प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेल, बुद्धशान्ति गाउँपालिकाका वडा नं १ देखि वडा नम्वर ७ सम्मका वडा अध्यक्षहरु विभिन्न शाखाका शाखा प्रमुख, राजनितिक दलका प्रमुख तथा प्रतिनिधी, पत्रकारहरुलाई आसन ग्रहण गराइएको थियो कार्यक्रम सूर्योदय टेलिभिजनका वरिष्ठ कार्यक्रम अधिकृत **केशव राज भण्डारी**ले पहिलो सेसनको कार्यक्रम सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा आसन ग्रहण पश्चात राष्ट्रिय गीत र मौन धारण गराइएको थियो । खवर मञ्च मिडिया प्रा.लि.का उमाकान्त खनालले दोश्रो सेसनको हाक्का हाक्की प्रश्नोउत्तरको कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

वुद्धशान्ति गाउँपालिकाका उपप्रमुख भवानी प्रसाद खतिवडाले स्वागत मन्तव्य राख्दै नागरिक र गाउँपालिका बीचको सिधा प्रश्न र उत्तर गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । सूचनाको हकको प्रत्याभूति सुशासन र पारदर्शितालाई प्राथमिकतामा राखेर गाउँपालिकाले अब प्रत्येक चौमासिकमा सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गर्ने उहाँले बताउनुभयो । गाउँपालिकाको नयाँ नेतृत्वमा निर्वाचित भएपछि आन्तरिक सुशासन विकास निर्माण र योजनाको कार्यान्वयनको लागि प्राथमिकताका साथ कामहरु भइरहेको उहाँले बताउनुभयो । सार्वजनिक सुनुवाईमा उठेका जिज्ञासा र सुझावहरुलाई मध्यनजर गरे आगामी निति वजेट तथा कार्यक्रम निर्माण हुने बताउनुभयो ।

सहभागीहरूलाई कार्यक्रमको अन्तिम समयसम्म वस्न र गाउँपालिका वासीको तर्फवाट कुनै गुनासो प्रश्न वा चासोसँगै केही सुझाव भए दिन अनुरोध गर्दै उहाँले सवैलाई स्वागत गर्नुभयो । बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री मनोज प्रसाईले ब्यानर पढेर कार्यक्रम उद्घाटन भएको घोषणा गर्नुभएको कार्यक्रममा बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेलले बुद्धशान्ति



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गाउँपालिकाको लक्ष्यअनुसारको उपलब्धिको अवस्था र कार्य योजनाको बारे कार्यपत्र प्रस्तुतिकरण गर्नुभयो । कार्यक्रममा सूर्योदय टेलिभिजनका वरिष्ठ कार्यक्रम अधिकृत केशव राज भण्डारीले संकलन तथा तयार गर्नुभएको नागरिक प्रतिवेदन र वहिर्गमन अभिमत प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

त्यसपश्चात कार्यक्रमका सहजकर्ता उमाकान्त खनालले सेवाग्राही र नगरपालिकावीच हाकाहाकी प्रश्न उत्तर हुने तर्फ प्रवेश गराउनुभयो । त्यस पूर्व सार्वजनिक सुनवाई कार्यक्रमको आचार संहिता वारे जानकारी गराउँदै आचार संहिताको पूर्णपाठ पालना गर्न प्रश्नकर्ता र जवाफदेही वक्ताहरुलाई अनुरोध गर्नुभयो । सहभागीहरुलाई सहजकर्ताले क्रमश हात उठाए अनुसार प्रश्न सोध्ने समय प्रदान गर्नुभएको थियो भने प्रमुख जवाफदेही वक्ताहरूको रुपमा रहनुभएका गाउँपालिका अध्यक्ष श्री मनोज प्रसाई, उपाध्यक्ष श्री भवानी प्रसाद खतिवडा र प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेलले जवाफ दिनुभएको थियो । त्यस सम्वन्धमा थप पुष्ट्याई सम्वन्धी शाखाका शाखा प्रमुखहरुले समेत गर्नुभयो । सार्वजनिक सुनवाई कार्यक्रममा उठेका सवालहरूको जवाफसहित सहभागी नागरिकहरूलाई धन्यवाद दिँदै गाउँपालिका अध्यक्ष मनोज प्रसाईले बुद्धशान्ति गाउँपालिका लाई सफल वनाउने दायित्व सवै गाउँपालिकावासीको भएको वताउनुभयो । सबै जनताको साथ र सहयोगले मात्र बुद्धशान्ति गाउँपालिकालाई समृद्ध वनाउन सकिने भन्दै गाउँपालिका सम्वन्धी कुनै गुनासो तथा सुझाव भए अन्य समयमा समेत दिनुहुन अनुरोध गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

## कार्यक्रममा भएका सवाल जवाफहरु :

सार्वजनिक सुनुवाई कार्यक्रममा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नानुसार रहेका छन् :

| क्र.सं. | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १ | मनोरथ तिवारी बुद्धआदर्श मा.वि. वि.व्य.स. अध्यक्ष | विद्यालयमा निर्माण हुने भौतिक पूर्वाधारका कामहरू र शैक्षिक विकासका गतिविधिहरूको अनुगमन किन हुन सकेन ? | गाउँपालिका अध्यक्ष मनोज प्रसाई / कमलप्रसाद निरौला शिक्षा शाखा प्रमुख | शिक्षाको लगानि भएका क्षेत्रहरुको अनुगमनको काम निरन्तर भइरहेको प्रगति विवरण माग गरिरहेका छौं । विद्यार्थीहरु थोरै मात्र ड्रप आउट हुने गरेको ड्रपआउट जम्मा ५ प्रतिशतमा झारेको । अनुगमन कार्य नियमितरुपमा भइरहेको । |
| २ | हरिप्रसाद सापकोटा बुद्धशान्ति १ | परिवार पीडित वृद्धवृद्धाको मुद्दा कसरी सम्वोधन हुन्छ ? वडा नम्वर ३ मा महिला वालवालिका कार्यक्रमहरु कार्यान्वयन गर्न वाहिरवाट प्रशिक्षण किन ल्याइन्छ | वडा नम्बर ६ का अध्यक्ष शिवप्रसाद पौडेल / वडा नं. ३ का | बुद्ध शान्ति वृद्धवृद्धालाई परेको समस्या समाधानका लागि समस्याको प्रकृति हेरेर मेलमिलाप समितिले टुङ्गो |



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | ? सम्वन्धित वडाका नागरिकहरुलाई किन पालो दिइँदैन ? | अध्यक्ष पर्शुराम चेम्जोङ | लगाउने गरेको धेरै समस्याहरु नभएको आए पनि समाधान भएको । / तालिमको सहजीकरणका लागि वडाले विनियोजन गरेको वजेट र कार्यक्रम सञ्चालन गर्न विभिन्न विषयगत समिति वनाएर काम गरिएको र विषयगत समितिहरुले नै प्रशिक्षक छनोट गर्ने जिम्मेवारी पाएको हुँदा आफूले त्यसमा हस्ताक्षेप नगरेको । स्वतन्त्र रुपमा दक्ष प्रशिक्षक छनौट गरिएको । |
| ३ | बालकृष्ण खतिवडा बुद्धशान्ति १ | वुधवारेमा विद्युतको हाकिम नहुँदा धेरै समस्या हुने गरेको, विजुलीका पोलहरू अव्यवस्थित, तारमा आगो उठ्ने समस्या रहेको, पुलचोकमा ट्रान्सफर्मरमा आगो लाग्ने गरेको, अव्यवस्थित कालो तारमा चराहरुको गुण भएको र जतातता तत्रेको । सुपारी र बाँसघारीवाट नाङ्गो तार तानेको सडक विभागले हडिया खोलाको पुल मर्मत गर्न किन सकेन | नेपाल विद्युत प्राधिकरण वुधवारे उपवितरण केन्द्र प्रमुख निर्मल प्रधान । | प्राधिकरणमा स्रोत सिमित भएको हुँदा वर्षमा ४० देखि ५० वटा मात्र पुल फेर्ने वजेट प्राप्त भएकाले आज मात्रै दुईवटा पोल भाँचिएको जानकारी । सवै केवल सेवा प्रदायक कम्पनीहरुलाई जिल्ला प्रशासन कार्यालयवाट पुस मसान्त भित्र व्यवस्थापन गर्न कम्पनीहरूलाई जानकारी भएको तर पनि केवल सेवा प्रदायक कम्पनीहरूले वेवास्था गरिरहेको । आफू विर्तामोड धाइजन बुद्धशान्ति मेचीनगर लगायतका क्षेत्र एक्लैले हेर्नुपर्ने भएकाले समय व्यवस्थापनमा कठिनाइ रहेको जानकारी । |



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | गीता प्रसाद अधिकारी बुद्धशान्ति ६ | स्थानीय कृषि उत्पादनको औद्योगिकरण गर्न जरुरी रहेको । आयुर्वेदिक औषधालयमा औषधि उपचार र सेवा कम भएको हुँदा सुधार गर्न सुझाव | गाउँपालिकाका अध्यक्ष मेनीजा प्रसाई । | स्थानिय उत्पादनको उद्योग स्थापनाका लागि गाउँपालिकाले श्रोत व्यवस्थापनका लागि अध्ययन गरिरहेको । आयुर्वेद अस्पतालमा कुनै अभाव हुन नदिन गाउँपालिकाले पहल गरिरहेको । |
| ५ | अर्जुन पाण्डे बुद्धशान्ति २ | विगतमा वडा कार्यालय बाटै विगतमा बुद्ध शान्ति गाउँपालिका वडा नम्वर २ को वडा कार्यालय विगतमा पनि राम्रो नभएको हुँदा अब वन्दा गुणस्तरीय वनोस् भन्ने सुझाव । क्रसर उद्योगहरू खोला किनारमै सञ्चालन भइरहेको र तिनीहरूलाई नियमन गर्न किन नसकेको ? जन आदर्श वालविकासलाई जग्गा प्राप्त भएपनि जग्गा दाताले हालसम्म किन पास नगरिदिएको कि पास गराउन गाउँपालिकाले नसकेको हो ? बाल विकास केन्द्रमा खेताला शिक्षक राखेर पढाएको मुद्दा गाउँपालिकामा पुर्याएको के अवस्थामा छ वा के कारबाही भयो ? सहकारीहरुको नियमन र अनुगमन कसरी भइरहको छ ? | देवेन्द्र कटुवाल / कमलप्रसाद निरौला । शिक्षा शाखा प्रमुख / वडा नं २ का अध्यक्ष डिल्ली प्रसाद ओली | चालु आर्थिक वर्षमा विभिन्न सहकारीहरुलाई तालिमहरू सञ्चालन भएको सहकारीको अनुगमन सुरु भएको । सहकारीको क्षेत्र निर्धारण गरेर सोहि अनुसार गर्न गराउन पहल गर्ने सहकारीको अवस्था हेर्दै को को मिसमा सहभागी हुन पहल गर्ने । जनआदर्श वालविकास केन्द्रको जग्गा र खेताला शिक्षकको उजुरी अनुसार नियमन गरी प्रक्रिया अगाडि वढाएको र सोही अनुसार प्रतिवेदन तयार गरी गाउँपालिकामा वुझाएको । / क्रसर उद्योगको नियमन र अनुगमन वडा कार्यालय जिल्ला समन्वय समितिका प्रमुख लगायतको टोलीले अनुगमन गरी नियमन गर्ने प्रयास गरेको तर क्रसर उद्योगहरुले अटेर गरी बसिरहेको यो समस्या वडाकोमात्र नभएर देशैभर रहेको । |



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | वडा कार्यालयको माथिल्लो तला थप गर्ने भन्दा पनि माथिल्लो तलाबाट पानी चुहिरहँदा समस्या भएको हुँदा माथिल्लो तलामा ट्रस्ट व्यवस्थापन गरिने र त्यसको लागत जम्मा ७ लाख रहेको । |
| ६ | विधान राई बुद्धशान्ति १ | स्वास्थ्य बीमा गरेकाहरूलाई सातै दिन सेवा दिन पाउने भने पनि शुक्रवार ३ वजेसम्म मात्र सेवा दिएकोमा सुधार गर्नुपर्ने तीन तीन जना एमबिबिएस डक्टरको व्यवस्थापन भएपनि समय सीमासम्म अर्थात् वेलुका ५ वजेसम्म किन सेवा नभएको गाउँपालिकाले दमकल खरिद गर्न किन ढिला गरेको ? | बुद्धशान्ति भागीरथा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर सुमेश चौधरी | विमाको सेवा अस्पतालको पूर्वाधार कम हुँदा समयमा समय सीमा वढाउन नसकिएको र अवको १५-२० दिनपछि नयाँ भवनबाट २४सै घण्टा थप सेवा सहित विशेषज्ञ सेवा थप गर्दै जाने तयारी । एनजीओ आइएनजीओहरुसँगको सहकार्य हुँदै गरेको हुँदा करुणा फाउन्डेसनको सहयोग रहेकोसमस्या समाधानमा विशेषज्ञ सेवा सहितको सेवा सञ्चालन गरिने प्रतिवद्धता । स्थानीय नागरिकको पनि साथ र सहयोगको अपेक्षा |
| ७ | गोविन्द अधिकारी वुद्ध शान्ति छ | वाटोको अवस्था हेर्नका लागि छुटेवर देखी गौँडासम्म पुगेर आउन जनप्रतिनिधिहरुलाई अनुरोध गर्दै वाटोको शिलान्यास दुई वर्ष अगाडि भएपनि हालसम्म काम किन सकिएको छैन ? | नम्वर ६ का अध्यक्ष शिवप्रसाद पौडेल | गोविन्द कालोपत्रे गर्ने काम यस वर्षवाट सुरु हुने पूर्वाधारले यसै वर्षवाट सुरु गर्ने जानकारी जानकारी दिएको यस वर्ष काम सम्पन्न नभए झरीको वेला काम सुरु भएमा रोकिदिने जानकारी कम्पनीहरूलाई गराएको देउरालीवाट छुटेवर जोड्ने सडकसँगै |



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधवारे, झापा कोशी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | एकैपटक ठेक्का लागेका वाटाहरुमा ठेक्का पाएका कम्पनीहरुले लापरवाही गरेको हुँदा त्यसलाई सचेत गराउने काम भएको केही वाटा हरुको सववेस गर्ने काम सम्पन्न भएको |
| ८ | बालक कृष्ण सापकोटा बुद्धशान्ति १ होक्से | धार्मिक पर्यटकीय क्षेत्रको रुपमा अगाडि बढाउन सम्भावना भएका क्षेत्रहरुलाई कस्तो कार्यक्रम सञ्चालन गर्दै हुनुहुन्छ | प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेल | धार्मिक पर्यटकीय क्षेत्रको विकास गर्नुपर्ने पक्षमा आफू रहेको सो क्षेत्रको रोयल्टी गाउँपालिकाले अथवा राजस्व उठाउन र सो क्षेत्रको जीवनस्तर उठाउन दिगो स्रोतको खोजी गर्नुपर्ने हुँदा गाउँपालिका यसप्रति संवेदनशील रहेको । |
| ९ | सावित्रा ढुंगेल बुद्धशान्ति ४ | कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुलाई सहजता भएन । अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क पढ्न पाउने अधिकार हनन भयो । शिक्षा शाखाले छात्रवृत्तिको व्यवस्था कसरी गरेको छ ? अपाङ्गता भएका व्यक्तिहरूले छात्रवृत्ति नपाउँदा पढ्न नपाएर घरमै बस्नुपर्ने अवस्था छ । यो समस्या कसरी समाधान हुन्छ ? | गाउँपालिका अध्यक्ष मनोज प्रसाई / कमलप्रसाद निरौला शिक्षा शाखा प्रमुख | बुद्धशान्ति गाउँपालिका भित्र ठूलो क्षेत्रमा नागरिकहरु अटाउन सक्ने भवन अथवा हल नभएका कारण वुद्ध आदर्श माविको सभाहल रोजिएको। विद्यालयको अनुगमन नियमित रुपमा गरिरहेका छौं अपाङ्गता भएका विद्यार्थिहरूलाई विद्यालयहरूले शुल्क लिएको भए तत्काल कारवाही गरिने र कुन विद्यालयले शुल्क लिइरहेको छ त्यसको जानकारी गाउँपालिकामा गराउन आग्रह । सम्पूर्ण विद्यालयहरुलाई शुल्क नलिकन शिक्षा प्रदान गर्न निर्देशन भएको । त्रवृत्तिका कार्यक्रम |

बुद्धशान्ति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | नियमित रुपमा भएको नभएको अनुगमन भइरहेको र कहीँ कतै छात्रवृत्तिको कार्यक्रम दुरुपयोग भएको पाइएमा गाउँपालिकामा जानकारी गराउन अनुरोध पालिकाले सक्दो कारवाही गर्ने प्रतिवद्धता । |
| १० | भानुभक्त सिन्चुरी बुद्धशान्ति २ ( दृष्टिविहीन) | गाउँपालिकामा आफूले सरकारले दिने सेवा सुविधा नपाएको गुनासो अपाङ्गता भएका व्यक्तिहरुलाई छुट्टिएको रकम नपाएकाले छुट्याएको रकम अन्यत्र शीर्षकमा प्रयोग भएको हो या त हामीले पाउने सेवा सुविधा किन काटियो | प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेल । | चालु र पुँजीगत खर्च लगायतका शीर्षकमा वजेट व्यवस्थापन भए पनि स्रोतको अभाव हुँदा कार्यक्रम रोकिने अवस्था आएको यस आर्थिक वर्षमा पनि ३ करोड रकम काटिएको हुँदा अपाङ्गता भएका व्यक्तिहरूका कार्यक्रमहरुको वजेट पनि सोही शीर्षक अन्तर्गतले काटिएको । आगामी वर्ष व्यवस्थापनमा विशेष पहल गर्ने । |
| ११ | चेतन ढुंगेल बुद्धशान्ति ४ | आर्थिक उन्नतिको काममा गाउँपालिकाले के गरिरहेको छ ? त्यसैगरी पर्यटकीय क्षेत्रको आम्दानी कसरी भइरहेको छ ? नागरिकता प्राप्त गर्ने वृद्ध वृद्धालाई अप्ठ्यारो अवस्था परेको छ यो समस्या कहिले समाधान हुन्छ ? सेनिटरी प्याड सामुदायिक विद्यालयमा मात्र किन वितरण गरिन्छ ? सहकारीको अनुगमन किन भएको छैन ? जग्गा धनी पुर्जाको वितरणको काम किन रोकियो ? | गाउँपालिका अध्यक्ष मनोज प्रसाई / प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेल | आर्थिक उन्नतीका लागि आधार स्तम्भ तयार गर्ने प्रकृतिका योजनाहरु सञ्चालनको प्रकृयामा रहेका छन । पर्यटकीय क्षेत्रको आम्दानीका लागि भाइरल सिरिस परिसर व्यवस्थित गर्दै सुरु भएको छ । अन्य क्षेत्रमा लगानि भइरहेको । / आर्थिक पारदर्शिता नभएका सहकारीहरुलाई कारवाहीको दायरामा ल्याउने प्रतिवद्धता सहकारीको नियम नीति |

बुद्धशान्ति गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | चले नचलेको नियमित अनुगमन गर्ने र समस्या ग्रस्त सहकारीहरुलाई लिस्टवाट आउट गर्ने प्रतिवद्धता व्यक्त । |
| १२ | नन्दु राई बुद्धशान्ति १ | स्वास्थ्य र शिक्षा जव निःशुल्क हुन्छ तव मात्र समृद्धि वन्छ त्यसैले गाउँपालिकाको नीति अनुसार शिक्षाका कार्यक्रमहरुलाई कम प्राथमिकता किन दिएको हो ? शिक्षामा गरेको लगानीमो अनुगमन गर्नुभएको छ कि छैन ? स्वास्थ्य संस्थामा भिडियो एक्सरेको सेवा ढिला गरी सुरु हुने भएको हुँदा सेवाग्राहीहरुलाई अप्ठ्यारो परेको छ । खोला ठेक्काबाट प्राप्त गर्नुपर्ने रकम नपाएको भन्ने सुनिन्छ यसको यथार्थता के हो ? | गाउँपालिका अध्यक्ष मनोज प्रसाई | शिक्षा र स्वास्थ्यको क्षेत्रमा पालिकाले पहिलो प्राथमीकतामा राखेर वजेट व्यवस्थापन गरेको र अनुगमन नियमित भइरहेको । दक्ष भिडियो एक्सरे प्राविधिक प्राप्त गर्न कठिन भइरहेको । डाक्टरको समय अनुसार सेवा सञ्चालन गर्नु पर्ने वाध्यता रहेको । खोला ठेक्का वापतको रकम मेचिनगर नगरपालिका र अर्जुनधारा नगरपालिका वाट प्राप्त नभएको हुँदा पहल भइरहेको छ । |
| १३ | विशाल लामा वुद्धशान्ति ६ | हाम्रो क्षेत्रको विद्यालयमा वजेट किन आएन ? विद्यार्थीको वस्ने डेक्स वेन्चको अवस्था दयनीय भएको हुँदा तुरुन्त त्यसप्रति ध्यान जाओस् । शान्तिनगर स्वास्थ्य चौकीमा एम्वुलेन्स खरिद गर्न किन सकेको छैन ? शान्तिनगर स्वास्थ्य चौकीका कर्मचारीलाई किन वुद्धशान्ति भागीरथा अस्पतालमा तानियो ? हराएको पुलको सामानको खोजी कार्य कहाँ पुग्यो ? | गाउँपालिका अध्यक्ष मनोज प्रसाई / प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेल | विद्यालयमा गाउँपालिकाको वजेट क्षमता नुसार पहिलो प्राथमिकता दिएको तर योजना सम्झौता गर्न नआउदा बजेट फ्रिज भएको । यस वर्ष पनि वजेट व्यवस्था गरिएको भए पनि हाल सम्म सम्झौताको लागि गाउँपालिकामा सम्वन्धित निकायको उपसिथिति नभएको । हराएको पुलको खोजि कार्य गर्न र निस्पक्ष छानविन गर्न सम्वन्धित निकायलाई सहयोग गरिरहेको । /एम्वुलेन्स खरिदका |

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल | | लागि अन्तराष्ट्रिय झापाली समाजको सहयोगमा काम अगाडि वढेको । शान्तिनगर स्वास्थ्य चोकीमा जनशक्ति कम हुन नदिएको । |
| १४ | वोधराज दाहाल बुद्धशान्ति ४ | खानेपानी र सिँचाइको योजना अगाडि बढाउन अनुरोध । गत वर्ष सम्पन्न हुन बाँकी योजनाहरू कति छन् ? पालिकाले गौरवका योजनाहरु कसरी अगाडि वढाउँदैछ ? | गाउँपालिका अध्यक्ष मनोज प्रसाई । | योजना छनौटको प्राथमिकतामा पार्नका लागि बजेटको श्रोत कम भएको हुँदा समस्या भएको भए पनि सुधार गर्दै लगिनेछ । पालिका गौरवका योजनाहरु सञ्चालनमा रहेको । |
| १५ | गौरव ढकाल बुद्धशान्ति १ | वेरुजु घटाउन पालिकाले के गरिरहेको छ ? हालसम्म कति प्रतिशत वेरुजु घट्यो ? पालिका भित्र उत्पादन हुने विभिन्न कृषि उपजहरूको उचित वजारीकरण र यसको औद्योगिकरणमा पालिकाले ध्यान दिनुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत विनोद पोखेल । | आगामी वजेटमा सीप विविधिकरणको तालिम सञ्चालन गर्ने प्रतिवद्धता कृषि र पर्यटन कृषि र उद्योगलाई सँगसँगै लाने प्रतिवद्धता वेरुजु नियमित गर्नुपर्ने वढिरहेको हुँदा सुधार गर्दै जाने प्रतिवद्धता ४ करोड ५० लाख वेरुजु फर्छ्यौट भएको जानकारी । |
| १६ | कृष्ण रिजाल बुद्धशान्ति २ | अपाङ्गता भएका नागरिकहरूको शिक्षा र रोजगारीको अवस्थामा पनि सुधार गर्नुपर्ने । स्थानीय तहहरुमा अपाङ्गता ऐन वनाउन के नै रोकिरहेको छ ? तुरुन्त वनाइयोस् । | गाउँपालिका अध्यक्ष मनोज प्रसाई । | अपाङ्गता भएका व्यक्तिहरुका लागि पालिकाको श्रोत अनुसारको कार्यक्रम सञ्चालन भइरहेको । ऐन निर्माणका लागि प्रकृया सुरु गरिने । |
| १७ | नरेन्द्र मेन्याङ्वो बुद्धशान्ति चार | दृष्टिविहीन मैत्री भौतिक संरचना अथवा अपाङ्ग मैत्री भौतिक संरचना वनाउनुपर्ने । | गाउँपालिका अध्यक्ष मनोज प्रसाई । | पुराना बनेका संरचनाहरुलाई पनि सुधार गर्दै लगिएको । अव वन्ने संरचनामा प्राथमिकतासाथ अपाङ्गमैत्री संरचना वन्ने |



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रतिवद्धता । |
| १८ | दुर्गा कुइकेल वुद्धशान्ति २ | गाउँपालिकाको नीति तथा कार्यक्रममा टोलवाट आएका मात्र योजनाहरु समावेश हुन्छन् कि अन्य योजनाहरु पनि समावेश हुने गरेका छन् ? कृषि तथा पशु विकास शाखाहरुले सञ्चालन गरेका अनुदानका कार्यक्रमहरुको अनुगमन पनि आवश्यक छ । | गाउँपालिका अध्यक्ष मनोज प्रसाई । | टोल वाट आएको योजनहरु समावेस हुने गरेको । अन्य अत्यावश्यक योजनाहरु पनि समावेस हुने गरेको । अनुदानका कार्यक्रमहरुलार्य थप व्यवस्थित र परिस्कृत गरिदै जाने । अनुगमनका लागि पहल गर्ने । |
| १९ | सोम थिङ तामाङ वुद्धशान्ति ३ | वडा नम्वर ४ टिमाई खोला वाङ्गो टिङ्गो भएको हुँदा सिधा गर्नुपर्ने । १४ फुटे पहिनीवाट मेचीनगरले नहर सञ्चालन गरेको र सो नहरले मठ मन्दिर लगायतका जमिनहरूमा क्षति पुर्याउने देखिएको हुँदा सो अव्यवस्थित पैनी व्यवस्थित गरी सञ्चालन गर्न छिमेकी पालिकालाई गाउँपालिकाले अनुरोध गर्नुपर्ने । | गाउँपालिका अध्यक्ष मनोज प्रसाई । | खोला तटवन्धनको काम भइरहेको । पैनी व्यवस्थित गर्दै जान मेचिनगर नगरपालिकालाई आग्रह गरिएको । |
| २० | नारायण अर्याल वुद्धशान्ति १ | खेलकुदको क्षेत्रमा गाउँपालिकाले कम वजेट छुट्याएको हुँदा यसमा ध्यान दिनुपर्ने । | गाउँपालिका अध्यक्ष मनोज प्रसाई । | गाउँपालिकालाई प्राप्त वजेटका आधारमा वजेट व्यवस्थापन गरिएको । आगामी वर्ष श्रोत हेरेर हेरफेर गर्न सकिने । |
| २१ | सनमान तामाङ थिङ वुद्धशान्ति ३ | वुधवारे खानेपानी दैनिक र चौविसै घण्टा सञ्चालन भएपनि महसुल वढिरहेको कारण सर्वसाधारणले उपयोग उपभोग गर्न कठिन भएको हुँदा गाउँपालिकाले यसप्रति ध्यान दिँदै वजेट व्यवस्थापन गर्नुपर्ने । वुधवारे वजारमा खानेपानी तथा शौचालयको व्यवस्थापन नभएको हुँदा यसप्रति गाउँपालिका गम्भीर हुनुपर्ने । कृषि भण्डार बनेता पनि उपभोग नभएको । वजार लामो | वुधवारे साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष रोम ओली | २०६३ सालमा २५०० का दरले पैसा संकलन गरेर स्थापना भएको संस्थामा हाल ३,००० मिटर शुल्क लिने गरेको र २२००० सेयरमा लाग्ने रकम महसुल भएको जानकारी, २०६३ सालमा स्थापना भएको खानेपानी १३ वर्ष अघि विजुलीको महसुल र डिजेलको मूल्य न्यून भएकोले कम शुल्क लिने |



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | समयदेखि वुधवारे बजार व्यवस्थापन समिति वन्न नसकेको हुँदा यसप्रति गाउँपालिका बेलैमा सचेत भएर आम्दानी वृद्धि गर्न लाग्नुपर्ने । | | गरेको र हाल मुल्य वढिरहेको हुँदा शुल्क घटाउन नसकिएको । विभिन्न सरकारी निकायहरुसँग योजना माग भएको वाहिरि सहयोग प्राप्त भएमा शुल्कमा हेरफेर गर्न सकिने । हाल संस्थाको ६ करोड ऋण रहेको हुँदा महसुलमा हेरफेर गर्न नसकिएको । |

**सार्वजनिक प्रतिबद्धताहरु :**

१, जेष्ठ नागरिक सेवाग्राहीले नगरपालिका तथा वडा कार्यालयमा सेवा लिन अन्य सेवाग्राही पनि जेष्ठ नागरिक भएको वाहेक अन्य समयमा जाँदा लाइन बस्नुपर्दैन ।

**कार्यक्रमको सफल पक्षहरू :**

१, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, कर्मचारी, राजनितिक दलका प्रतिनिधीहरु, आम सर्वसाधारण नागरिक, सञ्चारकर्मीहरुको सहभागितामा कार्यक्रम सञ्चालन गरिएको ।

२, चालु आर्थिक वर्षको आर्थिक प्रगति समीक्षा र चालु आर्थिक वर्षको भौतिक तथा वित्तीय प्रगति प्रस्तुत गरिएको ।

३, नागरिकहरुले गरेका प्रश्नहरूको जवाफदेही वक्ताहरुवाट चित्त वुझ्दो जवाफ दिएको ।

४, स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनवाई सञ्चालन भएको ।

५, जनप्रतिनिधिहरूसँग सर्वसाधारण नागरिकहरूले हाक्काहाक्की प्रश्न उत्तर गरेका ।

६, नागरिकहरूको सहभागिता वृद्धिको लागि सार्वजनिक सुनवाई सम्वन्धी सूचना माध्यम र सामाजिक सञ्जालवाट प्रसारण तथा प्रकाशन गरिएको फेसवुकबाट साथै स्थलगत अटोमा साउण्ड सिस्टम राखेर हरेक वडाहरुमा प्रचार प्रसार गरिएको, सम्वन्धित निकायहरुमा पत्राचार गरिएको ।

७, नागरिक प्रतिवेदन र वहिर्गमन अभिमत प्रस्तुत गरिएको ।

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## सुधार गर्नुपर्ने पक्षहरू :

१., अपाङ्गमैत्री भवनमा कार्यक्रम सञ्चालन गरिनु पर्ने ।
२, गाउँसभाका सवै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनुपर्ने ।
३, पर्चा पम्प्लेट तयार गरी वडा र वस्ती स्तरसम्म प्रचारप्रसार गर्न सके प्रभावकारी हुने ।
४, गाउँपालिकामा नियमित तथा वडा स्तरमा समेत सार्वजनिक सुनवाई सञ्चालन गर्नुपर्ने ।
५, माथि उल्लेखित सम्पूर्ण कार्य गर्नका लागि गाउँपालिकाले थप वजेटको उपयुक्त व्यवस्थापन गर्नुपर्ने ।

**समस्याहरु :**

१, सहभागिता वृद्धिको लागि पत्रचार गरिए पनि राजनितिक दल काट प्रतिनिधित्व न्युन रहेको ।

२, हरेक वर्ष पहिलो, दाश्रो, तेश्रो गरी चौमासिक रुपमा प्रगति समीक्षा साथै सावैजनिक सुनुवाई लाई नियमित बनाउन नसकिएको ।

**निष्कर्ष :**

बुद्धशान्ति गाउँपालिकाको काम कारवाही सेवा प्रवाह, योजना एवं कार्यक्रम वजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवाप्रदायक र सेवाग्राही वीच हाकाहाकी प्रश्न उत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनवाई प्रभावकारी रहेको थियो । बुद्धशान्ति गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनवाईमा नागरिकहरुले भूमि व्यवस्थापन खानेपानी समस्या सडक पूर्वाधार शिक्षा कृषिको वजारीकरण, पर्यटन क्षेत्रको प्रवर्द्धधन संरक्षण र विकास, वजार व्यवस्थापन समितिको निर्माण, लागू पदार्थ दुर्व्यसनी न्यूनीकरण, लगायत विषयमा प्रश्न चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा सञ्चालन गरिएको सार्वजनिक सुनवाईमा स्थानीय नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो । सहभागी नागरिकहरूले गाउँपालिकाले निरन्तर सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गर्न सुझाव दिएका थिए ।

विधिले व्यवस्था गरे अनुरूप सार्वजनिक सुनवाई गर्न सके विकास निर्माणमा पारदर्शिता र जवाफदेहिता वृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकहरूको उपस्थिति वृद्धिसँगै वडा स्तरमा समेत थप वजेट व्यवस्थापन गरी सार्वजनिक सुनवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारिता अझै वढ्ने देखिन्छ ।

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**बुद्धशान्ति गाउँपालिका, गाउँकार्यपालिका, झापा ।**
**नागरिक प्रतिवेदन पत्र (Citizen Report card)**
**प्रश्नावली भाग १**
**तयारी/प्रस्तुतकर्ता : केशव राज भण्डारी ९८५१३४४४०६**

बुद्धशान्ति गाउँपालिका गाउँपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

सार्वजनिक सुनवाई कार्यक्रमको कार्यविधि अनुसार हामी बुद्धशान्ति गाउँपालिकाको विभिन्न वडाका नागरिकहरूसँग प्रत्यक्ष कुराकानी गरी नागरिक प्रतिवेदन तयार पारेका छौं । नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले गाउँपालिकावाट सेवा लिँदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिवेदन हो । हामीले बुद्धशान्ति गाउँपालिका तथा विभिन्न वडामा सेवा लिन आएका नागरिकहरूसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार ६७ जना नागरिकसँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका छौं । यसमा महिला दलित जनजाति बालवालिका तथा पिछडा वर्गलाई समेत समेटेर प्रतिवेदन तयार पारेका छौं । सो प्रतिवेदन यस प्रकार रहेको छ ।

**लिंगका आधारमा :**

| महिला | पुरुष |
|---|---|
| **(३७%)** | **(६३%)** |

**उमेरको आधारमा :**

| २० वर्ष भन्दा मूनी | २१ - ६० वर्ष सम्म | ६१ वर्ष भन्दा माथि |
|---|---|---|
| (६%) | (९०%) | (४%) |

**जातिको आधारमा :**

| ब्राम्हण, क्षेत्री, ठकुरी | आदिवासी,जनजाती | पिछडा वर्ग | दलित |
|---|---|---|---|
| **(६०%)** | **(३०%)** | | **(१०%)** |

**पेशाको आधारमा :**

| कृषि तथा श्रम | व्यापारी | शिक्षण / विद्यार्थी | संघसंस्था/अन्य |
|---|---|---|---|
| **(५०%)** | **(१०%)** | **(२४%)** | **(१६%)** |

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

१. सेवाको सन्तुष्टि


१.१ तपाइले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टी पाउनु भयो ?

क) सन्तुष्ट (४३%) ख) ठीकै ( ५४%) ग) असन्तुष्ट ( ३%)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट (६६%) ख) ठीकै (३४%) ग) असन्तुष्ट (0%)

१ सेवाको सन्तुष्टी चित्र नं. १




विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**२. सेवाको नियमितता**

२.१ नागरिक वडापत्रमा उल्लेख भएअनुसार तपाईंले प्राप्त गर्नुपर्ने सेवामा लागेको समयप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

**क) सन्तुष्ट (५१%) ख) ठिकै (४२%) ग) असन्तुष्ट (७%)**

२.२ कार्यालय नियमित रुपमा कर्मचारी उपस्थित समय पालना कार्य चुस्तता सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

**क) विश्वस्त (६१%) ख) ठिकै (३६%) ग) अविश्वस्त (३%)**


२.३ तपाईंले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ?

**क) तिरेको छैन (९६%) ख) एकदमै कम (४ %) ग) धेरै तिरेको (० %)**

२.४ यस कार्यालय सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ

**क) एक दिन (४५%) ख) दुई दिन (४५%) ग) धेरै दिन (१०%)**

**२. सेवाको नियमितता** **चित्र नं. २**




विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

**क) विश्वस्त (६३%) ख) ठिकै (३६%) ग) अविश्वस्त (१% )**

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नुभएको छ ?

**क) धेरै (६०%) ख) ठिकै (३४%) ग) गरेको छैन (६%)**


३.३ यस संस्थामा कार्यरत कर्मचारीप्रति तपाईंको विश्वास कतिको छ ?

**क) धेरै (५७%) ख) ठिकै (४२%) ग) विश्वास छैन (१%)**

३.४ यस कार्यालयले विपन्न वर्गका लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनुभएको छ ?

**क) छ (५२%) ख) छैन (२८%) ग) अलिअलि थाहा छ (२०%)**

**३. सेवाप्रतिको जनविश्वास** **चित्र नं. ३**




विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयवाट सेवा लिँदा कार्यालयले दिएको जानकारीवाट कतिको सन्तुष्ट हुनुहुन्छ ?

**क) सन्तुष्ट (७५%) ख) कम सन्तुष्ट (२१%) ग) असन्तुष्ट (४%)**


४.२ तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

**क) आफै (८६%) ख) गाउँका ठूला बडाको (७%) ग) मध्यस्थकर्ता (७ %)**

४.३ यस कार्यालयमा तपाईंले एउटा कामको लागि कति पटक धाउनु पर्यो ?

**क) एकपटक (७८%) ख) दुईपटक (१८%) ग) सोभन्दा बढी (४%)**

**४. सेवाको गुणस्तर** **चित्र नं. ४**




विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

**क) अति राम्रो (२८%) ख) ठिकै (७२%) ग) नराम्रो (० %)**

५.२ कार्यालयमा भएको नागरिक वडापत्र वारे तपाईंलाई जानकारी छ ?

**क) छ (४९%) ख) आंशिक जानकारी छ (३४%) ग) कुनै जानकारी छैन (१७%)**

५.३ कार्यालय र सेवाग्राही वीचको सम्वन्ध कस्तो छ ?

**क) अति राम्रो (४१%) ख) ठिकै (५८%) ग) खासै राम्रो छैन (१%)**


५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत हुने गरेको छ ?

**क) २०% जति (४३%) ख) ५० प्रतिशत भन्दा माथि (२३ %) ग) थाहा छैन (३४%)**

५.५ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ?

**क) छ (५२%) ख) ठिकै छ (४५%) ग) प्रतिनिधित्व साह्रै कम छ (३%)**

**५. सेवा सम्बन्धी जानकारी चित्र नं. ५**





विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

**६. नागरिक बडापत्र उजुरी पेटीका गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईंको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेको छन् ?
**क) धेरै (४०%) ख) कम (५४%) ग) गरेको छैन (६%)**
६.२ तपाईंको विचारमा सेवाप्रदायकहरुले नागरिक वढापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?
**क) धेरै (२४%) ख) ठिकै (६१%) ग) अतिकम (१५%)**
६.३ तपाईंको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?
**क) धेरै भएको छ (७%) ख) ठिकै भएको छ (६५%) ग) भएकै छैन (२८%)**

**६. नागरिक बडापत्र उजुरी पेटीका गुनासो सुन्ने अधिकारी सम्बन्धमा** **चित्र नं. ६**




विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बुद्धशान्ति गाउँपालिका, गाउँकार्यपालिका, बुधवारे झापा।
नागरिक प्रतिवेदन पत्र (**Citizen Report card**)
प्रश्नावली भाग २
तयारी/प्रस्तुतकर्ता : केशव राज भण्डारी ९८५१३४४४०६

बुद्धशान्ति गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बुधवारे, झापा कोशी प्रदेश, नेपाल

**१ सिफारिससम्बन्धी :**
१.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरूको प्रष्ट जानकारी पाउनुभयो ?
**क) पाए (८७%) ख) ठिकै पाए (१२%) ग) स्पष्ट पाइन (१%)**
१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनुपर्यो ?
**क) दिए (०%) ख) थोरै दिए (७%) ग) मागिएन र दिएन पनि (९३%)**
१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?
**क) आफै (६६%) ख) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे (३१%) ग) नेता ठुला बडा (३%)**
१.४ राजस्व शुल्क तथा दस्तुर को कससँग उठाउने गर्दछन् ?
**क) सबैसँग कर उठाउँछन् (९४%)**
**ख) सीमित व्यक्तिसँग मात्र कर उठाउँछन् (५%)**
**ग) धेरै बक्यौता रहने गरेको छ (१%)**
**२ पूर्वाधार तथा सरसफाई सम्बन्धी**
२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?
**क) राम्रो (६०%) ख) ठिकै (४०%) ग) खराब (०%)**
२.२ कार्यालयमा सरसफाई सम्वन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कतिको गरिन्छ ?
**क) तुरुन्तै हुन्छ (८४%) ख) पटकपटक भनेपछि मात्रै हुन्छ (१५%) ग) जति भने पनि हुन्न (१%)**
२.३ तपाईंको विचारमा गाउँपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्वन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?
**क) नियमित र राम्रोसँग (३९%) ख) ठिकै गर्छ (५७%) ग) नियमित रुपमा गर्दैन (४%)**
२.४ तपाईंको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?
**क) राम्रो (२४%) ख) ठिकै (६९%) ग) खराब (७%)**
२.५ सञ्चालन गरेका योजनाकरु कत्तिको प्रभावकारी छन् ?
**क) छन् (४८%) ख) ठिकै छन् (४५%) ग) प्रभावकारी छैनन् (७ %)**
२.६ योजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?
**क) सहज (५८%) ख) ठिकै (३९%) ग) अप्ठ्यारो (३%)**
२.७ योजनाहरु जाँच पास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?
**क) पर्दैन (९१%) ख) मागेरै लिन्छन् (९ %) ग) रकम नदिए अप्ठ्यारो पार्छन् (० %)**
२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कतिको पाउनुभयो ?
**क) सजिलै पाइयो (७३%) ख) कहिलेकाहीं पाइयो (२७%) ग) माग गर्दा पनि पाइएन (० %)**
२.९ विकास निर्माणका वारेमा जानकारी माग्दा पाउनुहुन्छ ?
**क) सजिलै पाइन्छ (४९%) ख) सोधेपछि पाइन्छ (५१%) ग) सोधे पनि पाइँदैन (० %)**
२.१० स्थानिय निकायको आचारसंहिता पालना भएको छ ?
**क) पालना भएको छ (७३%) ख) ठीकै पालना भएको छ (२५%) ग) कत्ति पनि पालना भएको छैन (२ %)**

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

२.११ योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनुभएको छ ?
**क) धेरै सहयोग पाएको छु (४२%) ख) ठीकै सहयोग पाएको छु (५४%) ग) निरुत्साहित गरिन्छ (४ %)**

**३ यस कार्यालयको तल दिएका विविध पक्षहरूमा तपाईंको अनुभव कस्तो छ ?**
३.१ आर्थिक स्रोत कस्तो छ ?
**क) आवश्यक स्रोत उपलब्ध (३३%) ख) कम स्रोत उपलब्ध (५५%) ग) अतिकम स्रोत उपलब्ध (१२%)**
३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?
**क) अति सरल (३३%) ख) ठिकै (६३%) ग) जटिल (४%)**
३.३ कार्यालयमा भएका कर्मचारीमा सिप कस्तो छ ?
**क) आवश्यक सिप छ (८२%) ख) आवश्यकताभन्दा कम छ (१६%) ग) सिप निकै कम छ (२ %)**
३.४ गाउँपालिकाको आम्दानी र खर्च वाहिर सूचना पार्टीमा टाँसेको देख्नुभयो ?
**क) टाँसेको देखेको छु (२८ %) ख) कहिलेकाहीँ टाँसेको देखिन्छ (१५ %) ग) खै कतै देखिएन (५७%)**
३.५ कार्यसम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ?
**क) छ (५२%) ख)ठिकै मूल्याङ्कन हुने गरेको छ (३९%) ग) कहिले पनि भएको थाहा छैन (९ %)**
३.६ वर्तमान कार्य सञ्चालन संरचनाप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?
**क) सन्तुष्ट (५१%) ख) ठिकै (४६%) ग) कुनै जानकारी छैन (३ %)**

**पारदर्शिता सम्बन्धी**
४.१ यस गाउँपालिकामा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भए ?
**क) एकवटा (२२ %) ख) दुईवटा (३ %) ग) कार्यक्रम बारे कुनै जानकारी नै छैन (७५%)**
४.२ यस गाउँपालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?
**क) धेरै (१४ %) ख) कम (३२ %) ग) भएकै छैन (५४ %)**
४.३ यस गाउँपालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?
**क) भएको छ (२४ %) ख) अहिलेसम्म सञ्चालन भएकै छैन (४ %) ग) कार्यक्रमबारे कुनै जानकारी नै छैन (७२%)**
४.४ सार्वजनिक सुनवाईमा गरिएका सार्वजनिक प्रतिबद्धता कतिको कार्यान्वयन भएको छ ?
**क) धेरै (७ %) ख) ठिकै (४२ %) ग) कम (५१%)**
४.८ सार्वजनिक सुनवाईको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?
**क) संयन्त्र बनेको छ (१३%) ख) कुनै संयन्त्र बनेको छैन (१२%) ग) कुनै जानकारी नै छैन (७५%)**
४.९ यस कार्यालयको वार्षिक नीति कार्यक्रम र स्रोतका बारेमा जानकारी पाउनुभएको छ ?
**क) धेरै जानकारी पाएको छु (१२%) ख) ठिकै जानकारी पाएको छु (५२%) ग) कम जानकारी पाएको छु (३६%)**

**अनुसूची ३ बहिरगमन अभिमत एक्जिट पोल सङ्कलन**
(बुँदा नम्बर ३.४.१ सँग सम्बन्धित )

१. सेवाग्राहीको लिङ्ग पुरुष (६३%) स्त्री (३७%)

२ जात : ब्राम्हण (६०%) दलित (१०%) जनजाती (३०%)

३ उमेर

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

४ शिक्षा

५ कार्यालय सम्म आइपुग्दाको समय

६ यस कार्यालयको काममा मात्र आउनुभएको हो वा अन्य कामको लागि पनि

७ कार्यालयमा देखाएको कुन कामको लागि आउनुभएको हो वा चिन्ह लगाउनुहोस् ।

क) सिफारिस लिन पुऱ्याउन (४०%)

ख) दर्ता नवीकरण (५%)

ग) आर्थिक सहयोग लिन (३%)

घ) योजना माग गर्न (१२%)

ङ) योजनाको किस्ता लिन

च) योजनाको मूल्याङ्कन गराउन

छ) योजनाको अन्तिम भुक्तानी लिन

ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न (८%)

झ) सूचनामूलक सामग्री प्राप्त गर्न (४%)

ञ) अन्य कुनै भए (२४%)

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईंलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट (६४%) | ठिकै (३३%) | अस्पष्ट (३%) |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईंको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (६०%) | ठिकै (३७%) | थोरै (३%) |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (७३%) | ठीकै (२७%) | अभद्र / अमर्यादित (०%) |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु प्रमाण कागजात र शुल्क दस्तुर वारे तपाईंलाई सेवा प्रदायक कर्मचारीले स्पष्ट गरेकी ? | अति स्पष्ट गरिदिए (६९%) | ठीकै (३०%) | अलमल हुनेगरी अस्पष्ट सूचना दिए (१%) |



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | तपाइले राख्नुभएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकावाट समाधान दिए (४५%) | ठिकै (५४%) | समाधान दिन सकेनन् (१%) |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो | अति सजिलो छोटो ( ४५%) | ठिकै (५२%) | लामो र झन्झटिलो (३%) |

कार्यालयको कुन कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रा लागेका कुराहरु | | सुधार गर्नुपर्ने विषयहरु | |
|---|---|---|---|
| १ | कर्मचारीले सेवा ग्राहिसँग राम्रो व्यवहार गरेको देखिन्छ। | १ | कार्यक्रम सञ्चालन गर्दा सेवा ग्राहिमा सूचनाको पहुँच कम भएको। |
| २ | कार्यालयको जानकारी प्राप्त गर्नका लागि कर्मचारीको सहयोग अत्यन्तै राम्रो छ। | २ | योजना तर्जुमा गर्दा टोल-टोल वाट संकलन नभएको। |
| ३ | जनताले माग गरेका योजनाहरु सञ्चालन भएको। | ३ | सार्वजनिक सुनुवाई नियमित रुपमा नभएको। |
| ४ | खोला दोहनको सूचना गर्दा तुरुन्तै कार्वाहि भएको। | ४ | सिचाइका लागि कुलो तथा पैनीहरूको मुहान व्यवस्थित गरी चौवीसै घण्टा सिँचाइको नहर सञ्चालन गर्नुपर्ने। |
| ५ | गाउँ गाउँमा सडक वत्ती पुर्याउन प्रयास गरेको । जनताको गुनासा सुनेर गाउँपालिका अध्यक्षले सहयोग गरेको। | ५ | बिजुलीका पोलहरु वीचको वाटोमै अलपत्र रहेको हुँदा सडक किनारामा सार्न आवश्यक। |
| ६ | जेष्ठ नागरिकका लागि वडाको ठाउँ ठाउँमा फलैचा बनाएको। | ६ | पुरानो सडकलाई मर्मतका लागि प्राथमिकतामा राख्नुपर्यो। |
| ७ | ६०/३० कै भएपनि योजना सञ्चालन भएको। | ७ | प्रत्येक गाउँगाउँमा भएका निम्नवर्गीय किसानको समस्या वुझ्न जनप्रतिनिधिहरु कम्तिमा वर्षमा एकपटक भएपनि गाउँ जानु पर्यो। |
| ८ | गाउँपालिकाले प्रतीक्षालयको व्यवस्थापन गरेको। | ८ | सेवामूलक रोजगारसँगै विकासका कार्यहरू ढिलो गरी सञ्चालन भएको। |
| ९ | अशक्त र वृद्धवृद्धा प्रतिको सेवामा समय पालना प्रति सन्तुष्ट रहेको। | ९ | सिपमूलक काममा आम नागरिकहरूको सहभागिता कम भएको। |
| १० | दैनिक रूपमा सञ्चालन हुने प्रशासनिक कामहरू चुस्तदुरुस्त ढंगले सञ्चालन भएको। | १० | जनप्रतिनिधिहरुले वोलीमा लगाम लगाउन सिक्नुपर्ने। |
| ११ | गाउँपालिका प्रसासजिक भवन भित्रको सरसफाईको अवस्था धेरै राम्रो। | ११ | निर्माण कार्यमा तीव्रता नभएको र कृषि क्षेत्रलाई व्यवस्था गरिएको। |
| १२ | पालिकाले जारी गर्ने सूचना समयमै प्राप्त भएको। | १२ | विकास निर्माणका योजनाहरू सुस्त गरी सञ्चालन भएको। |



प्रमुख प्रशासकीय अ...

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १३ | कर्मचारीको व्यवहार अत्यन्तै राम्रो मिलनसार अनि भद्र रहेको । | १३ | भौतिक पूर्वाधारको विकास न्यून हुँदै पर्यटन सम्भावनाको खोजी कार्य नभएको । |
| १४ | सबै सेवा समावेशी भएको । | १४ | वडा कार्यालय तथा गाउँपालिकाको प्रशासनिक कार्यालयमा सुझाव पेटिकाको खाँचो । |
| १५ | विभिन्न उद्यमशीलता तालिम युवा लक्षित कार्यक्रमहरु सञ्चालन भएको । | १५ | अनुत्पादिक क्षेत्रमा वजेट खर्च गरिएको । |
| १६ | पालिकाले सञ्चालन गर्ने सामाजिक विकासका कार्यक्रमहरुमा स्थानीय बुद्धिजीवी तथा विज्ञहरूको सल्लाह अनुसार काम गरेको । | १६ | सामाजिक विकासका लागि सार्वजनिक भवन भवन निर्माणमा चासो नदेखाएको । |
| १७ | कर्मचारीहरूले सेवाग्राहीहरूसँग मैत्रीपूर्ण व्यवहार गरेको | १७ | सामुदायीक विद्यालयहरूमा विद्यार्थी भर्ना र गुणस्तरका लागि शैक्षिक र गुणस्तर विकासका कार्यक्रमहरुमा जोड दिनुपर्ने । |
| १८ | कर्मचारीहरूलेसेवाग्राहीहरुलाई शिष्ट भाषमा संवाद गर्दै सौहार्दपूर्ण ढङ्गवाट स्पष्ट पार्ने शैली अत्यन्तै राम्रो । | १८ | शिक्षाको भौतिक पूर्वाधारमा ध्यान दिनुपर्ने । |
| १९ | कर्मचारीहरुवाट सेवाग्राहीहरुलाई समयमै सेवा प्रवाह भएको | १९ | विद्यार्थीहरूको शिक्षण सिकाई उपलब्धि सम्वन्धी शैक्षिक सुधारका लागि योजना वनाएर काम गर्नुपर्ने । |
| २० | गाउँपालिकामा जुनसुकै समयमा पनि नागरिकहरूको फोन रिसिभ गरेको | २० | शैक्षिक सुधारको जिम्मेवारी स्थानीय तह र वडाले आफ्नो नीति र वार्षिक नीति कार्यक्रममा समावेश गरेर शिक्षामा लगानीको सुरुवात वडादेखि गाउँपालिकासम्मलेनै गर्नुपर्ने । |
| २१ | पञ्जीकरणका कामहरू वडाबाटै सञ्चालन भएको। | २१ | पालिकाको क्षेत्रभित्र उत्पादन हुने वस्तु अनुसारको उद्योग व्यवसाय सञ्चालन गर्नका लागि विशेष अनुदानको व्यवस्था गर्नुपर्ने । |
| २२ | सेवा सुविधा उपयोगमा राम्रो व्यवस्था साथै तटवन्धनका कार्यक्रमहरु सञ्चालन भएको । | २२ | सीपमूलक तालिममा जोड दिई आत्मनिर्भर वन्न युवाहरूलाई प्रोत्साहन गरिनुपर्ने । |
| २३ | भौतिक विकासका योजनाहरु क्षेत्रगत रुपमा सञ्चालन भएको । | २३ | कार्यालय समयभित्र जनप्रतिनिधिहरू पनि उपस्थित हुनुपर्ने । |
| २४ | प्रक्रियागत रूपमा गर्नुपर्ने कामहरू कागजात पूर्ण भएमा एक दिनभन्दा वढी कुर्न नपर्ने । | २४ | यस कार्यालयमा शौचालय व्यवस्थित साथै सुधार गर्नुपर्ने । |
| २५ | व्यक्तिगत कामका लागि आउँदा पनि एकपटकमै काम हुने । | २५ | कार्यालय वरपर वोटविरुवा रोप्नुपर्ने । |
| २६ | कर्मचारीहरु वाट सेवाग्राहीलाई उच्च | २६ | योजनाहरूलाई प्राथमिकतामा राखेर वाटो |



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | सम्मान र व्यवहार भएको | | कोलापनमा वजेट व्यवस्थापन गर्नुपर्ने । |
| २७ | गाउँपालिकामा आम नागरिकहरूले तिर्नुपर्ने कर वाहेकका अन्य शुल्कहरु नलिने गरेको । | २७ | गाउँपालिकाले आफ्नो आयस्रोत वृद्धि हुने गरिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । |
| २८ | महिलाहरुलाई स्वरोजगारमूलक तालिमहरुको व्यवस्थापन भएको । | २८ | भूमी कर अत्याधिक वढेका कारण किसानहरु मार्कामा परेको हेरफेर गर्नु पर्ने । |
| | | २९ | गाउपालिकावाट उच्च कोटीको नश्लको ब्रिड व्यवस्थापन गरेर पशु गाई तथा भैंसी साथै वाखाहरुमा गरिने ए आई निःशुल्क रुपमा गरिनुपर्ने । |

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner